मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २२ गते मंगलबार ❑ 5 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## पोखरा महानगरपालिकाद्वारा अतिक्रमित संरचना हटाउन सूचना जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

पर्यटकीय राजधानी पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि पाँच दशकअघि जमिन छुट्याइएको थियो ।

विसं २०३२ मा पृथ्वीचोकमा २०५ रोपनी जग्गामा बसपार्क बनाउने योजना अघि सारिएको थियो । पूर्वमा सेती नदी, पश्चिममा साबिकको ट्राफिक भवन, दक्षिणमा एयरपोर्ट र उत्तरमा साल्ट ट्रेडिङको भित्रको चार किल्लाभित्र बसपार्कका लागि छुट्याएर राजत्रपत्रमा प्रकाशित गरिएको थियो । बसपार्कका लागि जमिन छुट्याएको ५० वर्षसम्म काम नहुँदा २०५ रोपनी जमिन अहिले आएर ४७ रोपनीमा खुम्चिएको छ । बसपार्कको जग्गामा सुकुमवासी छन् । पोखरा महानगरपालिकाले गरेको अध्ययनअनुसार बसपार्कको जमिनमा ४०० बढी सुकुमवासी परिवार बस्दै आएका छन् । लामो समयसम्म बसपार्क नबन्दा अहिले सडक पेटीबाट नै लामो तथा छोटो दूरीका बसहरू आफ्नो गन्तव्यमा छुट्ने गरेका छन् । यसबाट पोखराको



पृथ्वीचोक क्षेत्रमा सधैं यातायात अस्तव्यस्त हुने र लामो जामको समस्या निम्तिएको छ । पछिल्लो समय पोखरा महानगरपालिकाले महानगरभित्र अतिक्रमण गरी बनाइएको संरचना हटाउनका लागि ३५ दिनको सूचना जारी गरेको छ । यही वैशाख ३ गते कार्यपालिकाको बैठक बसी महानगरपालिकाले अतिक्रमित संरचना हटाउन सूचना गरेको हो । सङ्घीय राजधानी काठमाडौंमा केही दिनयता अतिक्रमित जमिन खाली गराउनेक्रम जारी छ । पोखरामा रहेका पनि सुकुमवासीले व्यवस्थापन विना आफूहरूलाई हटाउन नहुने उनीहरूको माग छ । बसपार्क भित्रको कृष्ण टोल आमा समूहकी अध्यक्षसमेत रहनुभएकी स्थानीय रुपा केसीले आफूहरू अव्यवस्थित भएर बस्न नचाएको सुनाउनुभयो ।

उचित व्यवस्थापन गरेर मात्र बसपार्क बनाउन विगतदेखि नै भन्दै आएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ "सुकुमवासीहरू कहिल्यै पनि बसपार्कको विरोधी होइनौं । हाम्रो उचित व्यवस्थापन भएको खण्डमा हामी अहिले बसिरहेको ठाउँ छोड्न तयार छौं, सरकारले गर्ने विकासमा सहयोग गर्छौं ।" भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सङ्घर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरुङले बसपार्कका सुकुमवासीलाई सकभर अहिले बसोबास गरिरहेको वडा नं ९ भित्र वा नजिकको वडामा पहिला व्यवस्थापन गर्नुपर्ने बताउनुहुन्छ । व्यवस्थापन विना महानगरले बसोबास गरिरहेको स्थान खाली गर्नका लागि सूचना जारी गरेपछि आफूहरू चिन्तित बनेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो,"महानगर कार्यपालिकाको निर्णयले भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूलाई चिन्तित भइरहेको छ । उपयुक्त वैकल्पिक अवस्था पहिला महानगरले गरोस् र बल्ल २०५ रोपनी जमिनभित्र नै बसपार्क निर्माण होस् ।"

मजदुर नेता रुद्र गौतमले बसपार्कका अतिक्रमित संरचना हटाउने काम थाले सरकारको कदममा आफूहरूको सहयोग रहने बताउनुभयो । बसर्पाकका लागि छुट्याएको २०५ रोपनी जमिनमै बसपार्क बनाउनुपर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "बसपार्कको जग्गा विभिन्न कालखण्डमा पहुँच र शक्तिको दुरुपयोग गरी व्यक्तिगत पहुँचका आधारमा पुर्जा बनाएर घडेरी किनबेच भएको छ । वास्तविक सुकुमवासीलाई विकासको बाधक देख्ने काम गलत छ । पहिला विगतमा छुट्याइएको पूरै जग्गा खाली हुनुपर्दछ, त्यस्तो भएमा हाम्रो सहयोग रहन्छ ।"

## संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष पुनः सिफारिस गर्ने सरकारको निर्णय

**रासस**
काठमाडौं, २१ बैशाख

सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष पुनः सिफारिस गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश २०८३ राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएकामा उक्त अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पुनः सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । मन्त्रिपरिषद् बैठकले परम्परागत 'बोइलर'लाई 'इलेक्ट्रोनिक बोइलर'ले प्रतिस्थापन गर्न उद्योगहरुलाई कर्जा उपलब्ध गराउने र वायु गुणस्तर मापन क्षमता बढाउने प्रयोजनका लाग विश्व बैङ्कबाट प्राप्त हुने ५२ मिलियन अमेरिकी डलर बराबरको सहुलियत ऋण तथा पाँच मिलियन अमेरिकी डलर बराबरको अनुदान स्वीकार गर्ने निर्णय गरेको छ । यस्तै, बैठकले भारतसँग जिटुजी खरिद माध्यमबाट ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डिस्पी मल खरिद गर्ने कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । बैठकले संसद् भवन परिसरमा प्रवेशलगायतका विषय समावेश गरिएको सिंहदरबार परिसरको परिमार्जित गुरुयोजना स्वीकृत गर्ने निर्णय गरेको शिक्षामन्त्री पोखरेलले बताउनुभयो ।

## स्वास्थ्य बीमामा गण्डकी सरकारको अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयको अनुदान सहयोगमा अपाङ्गता भएका, मिर्गौलापीडित बिरामीका परिवारलगायत सात हजार ६१ जनाको निःशुल्क स्वास्थ्य बीमा गरिएको छ । जसमा अपाङ्गता भएकाका परिवार पाँच हजार ९४६, मिर्गौलापीडित बिरामीका परिवार ४३१ र द्वन्द्वपीडित ३८२ रहेका छन् ।

त्यसैगरी जनआन्दोलनका घाइते २८, सहिद तथा बेपत्ता परिवारका ६३ र कास्कीमा क्रियाशील २११ जना पत्रकारको स्वास्थ्य बीमा गरिएको स्वास्थ्य बीमा बोर्ड गण्डकी प्रदेश कार्यालयका संयोजक जीवलाल खरेलले जानकारी दिनुभयो । "प्रदेशको स्वास्थ्य मन्त्रालयको अनुदान सहयोगमा आर्थिक वर्ष २०८१/८२ मा सात हजार ६१ जनाको स्वास्थ्य बीमा भएको हो", उहाँले भन्नुभयो, "अपाङ्गता भएका नागरिकलगायतले निःशुल्क स्वास्थ्य बीमाको सुविधा पाइरहनुभएको छ ।"

गण्डकी प्रदेशका एक लाख ६१ हजार ९३५ ज्येष्ठ नागरिक, दुई हजार ३११ एचआइभी सङ्क्रमितको परिवार, अतिअशक्त अपाङ्गता भएका पाँच हजार ६३० परिवार, कुष्ठरोग सङ्क्रमितका ९० परिवार, क्षयरोग सङ्क्रमितका ५७ परिवार र चार हजार ६४२ महिला स्वास्थ्य स्वयंसेविकाका परिवार स्वास्थ्य बीमामा आबद्ध छन् । प्रदेशमा हालसम्म चार लाख ४४ हजार ७७६ परिवार स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको संयोजक खरेलले बताउनुभयो । जुन प्रदेशको कुल परिवार सङ्ख्यामध्ये ६७.०१ प्रतिशत हो । गण्डकीमा १३ लाख ५६ हजार ६९८ जनाको स्वास्थ्य बीमा गरिएको हो । जनसङ्ख्याका आधारमा कुल बीमित ५५ प्रतिशत पुगेको जनाइएको छ ।

कुल बीमितमध्ये सेवा लिनेको सङ्ख्या सात लाख ३८ हजार २३२ अर्थात् ५४.०४ प्रतिशत रहेको छ । बीमा नवीकरण गर्ने परिवारको सङ्ख्या तीन लाख ३५ हजार ५०५ रहेको छ । ७५ प्रतिशत परिवारले बीमा नवीकरण गरेको पाइएको छ । स्वास्थ्य बीमाका लागि प्रदेशभर ७२५ जना दर्ता सहयोगी सक्रिय रहेको संयोजक खरेलले बताउनुभयो । प्रदेशका ४७ स्थानीय तहमा स्वास्थ्य बीमासँग सूचीकृत भएका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भूमिहीन नागरिकहरूको अवस्था पहिचान गरी दिगो समाधान गरिनेछ : प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, २१ बैशाख

प्रधानमन्त्री वालेन्द्र शाहले भूमिहीन नागरिकहरूको वास्तविक अवस्था पहिचान गरी व्यवस्थित, पारदर्शी र दिगो समाधानतर्फ सरकार अघि बढिसकेको जानकारी दिनुभएको छ ।

उहाँले सोमबार सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिनेछ । अन्य भूमिहीन नागरिकहरूको हकमा सम्बन्धित आयोगको सिफारिस र सङ्कलित विवरणका आधारमा नेपाल सरकारले आवश्यक निर्णय गर्नेछ ।' काठमाडौं उपत्यकाका नदीकिनार तथा सरकारी स्वामित्वमा रहेका जग्गामा अवाञ्छित रूपमा अतिक्रमण भएको स्पष्ट भएका क्षेत्रहरूमा नेपाल सरकारले कानुनबमोजिम अघि बढाएको व्यवस्थापन प्रक्रियाका विषयमा विभिन्न टिप्पणी तथा व्याख्या सार्वजनिक भइरहेकाप्रति सरकारको ध्यानाकर्षण भएको उहाँले जनाउनुभएको छ ।

उक्त प्रक्रियालाई लिएर भूमिहीन तथा अव्यवस्थित बसोबासमा रहन बाध्य नागरिकहरूमा उठिबास हुने हो कि भन्ने आशङ्का उत्पन्न गराउने तथा नियोजित रूपमा त्रास फैलाउने प्रयास भइरहेको सम्बन्धमा प्राप्त सूचनालाई सरकार गम्भीरतापूर्वक लिइएको प्रधानमन्त्री शाहको भनाइ छ । प्रधानमन्त्री शाहले दीर्घकालीन समाधान कार्यान्वयनमा अवरोधका रूपमा रहेका भूमिसम्बन्धी ऐन २०२१ का केही दफाहरू वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दै अध्यादेशमार्फत खारेज गरिएको तथा उक्त कानुनी अवरोध हटेसँगै वास्तविकभूमिहीननागरिकहरूको 'डिजिटल' लगत सङ्कलन, विवरण प्रमाणीकरण तथा स्पष्ट आधारमा अभिलेख तयार गर्ने कार्य प्रारम्भ गरिएको जानकारी पनि दिनुभएको छ । उहाँले भन्नुभएको छ, "नेपाल सरकार स्पष्ट गर्न चाहन्छ कि चालिएका सम्पूर्ण कदम नागरिकहरूलाई हटाउने उद्देश्यले होइन, आवासको हक सुनिश्चित गर्दै समस्याको स्थायी समाधान निकाल्ने उद्देश्यले अगाडि बढाइएका हुन् । त्यसैले कुनै पनि प्रकारको भ्रममा नपर्न, अनावश्यक रूपमा नआत्तिन तथा अपुष्ट सूचना नफैलाउन सम्पूर्ण नागरिकमा अनुरोध गरिन्छ ।"

साथै सो सन्देशमा प्रधानमन्त्री शाहले सरकार प्रत्येक भूमिहीन नागरिकको सुरक्षित, सम्मानजनक र स्थायी आवास सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी गराउँदै कुनै पनि नागरिक घरबारविहीन हुने अवस्था सिर्जना हुन नदिइने पनि स्पष्ट गर्नुभएको छ ।

## दुईदिने बिदाले पोखराको पर्यटनमा सकारात्मक प्रभाव


**पोखरापत्र संवाददाता**
पोखरा, २१ बैशाख

सरकारले शनिबार र आइतबार हप्तामा दुई दिन सार्वजनिक बिदा दिएसँगै पर्यटकीय राजधानी पोखराको पर्यटनमा सकारात्मक प्रभाव पारेको छ ।

दुईदिने बिदाका कारण पोखराका होटेलमा विगतको तुलनामा १० प्रतिशत पर्यटकहरू बढेको होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । पोखरामा विशेषगरी आन्तरिक पर्यटकको चहलपहल बढेको र यस समयमा क्षमताको १० प्रतिशत थप पर्यटकहरू बढिरहेको उहाँले जानकारी दिनुभयो । "सामान्यतः दुईदिने बिदाका कारण आन्तरिक पर्यटकहरू दुई दिन पोखरामा बिताएर फर्कने गरेका छन्", उहाँले भन्नुभयो, "यसले समग्र पोखराको पर्यटनलाई चलायमान बनाउन महत्वपूर्ण सहयोग पुऱ्याएको छ ।" पोखरा आउने पर्यटकहरू पोखराको फेवातालसहित लेखनाथ क्षेत्रका तालहरूमा घुमफिर, जलविहार गर्नाका साथै साहसिक पर्यटनका गतविधिहरू प्याराग्लाइडिङ, बञ्जीजम्प, जिपलाइन आदिमा रमाउने गरेका छन् । पोखरामा रहेका धार्मिक पर्यटकीय तीर्थस्थलहरू विन्ध्यवासिनी, तालबाराही, पुम्दीकोट, गुप्तेश्वर महादेव गुफा, विश्व शान्ति स्तूप आदिमा पुग्ने गरेका छन् भने अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय, महेन्द्र गुफा, चमेरे गुफा, गुप्तेश्वर महादेव गुफा आदिको अवलोकन गर्ने गरेका छन् ।

आन्तरिक पर्यटन बढाउनका लागि सङ्घले यसअघि पटकपटक दुईदिने बिदाको विषय समेत उठाएको बताउँदै उहाँले यसले पोखराको मात्र नभई समग्र देशको पर्यटनमा टेवा पुगेको धारणा राख्नुभयो । पोखराको पर्यटनमा विशेषगरी फागुन, चैत र वैशाख तथा असोज, कात्तिक र मङ्सिरलाई मुख्य पर्यटकीय यामका रूपमा लिने गरिएको छ । वर्तमानमा होटेलहरूको क्षमताको करिब ६० प्रतिशत भरिभराउ भइरहेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो ।

पोखराको समग्र पर्यटनमा भएको आठ खर्ब लगानीमध्ये छ खर्ब लगानी यहाँका होटेलमा रहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार करिब एक हजार २०० को सङ्ख्यामा होटेलहरू रहेको पोखराले दिनमा ४० हजार जनासम्म पर्यटक राख्न सक्छ ।



**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# लिपुलेकमा नेपालको अडान कायम

नेपाली भूमि लिपुलेक हुँदै भारतले कैलाश मानसरोवर जान सडक निर्माण गरेको छ। भारत र चीनबीच लिपुलेक क्षेत्रबाट व्यापारिक सडक सञ्चालन गर्ने सहमतिको नेपालले बिरोध जनाउँदै आएको छ । नेपालले आफ्नो भूमि प्रयोग गर्ने भारत र चीनबीच सहमतिको उच्चस्तरीय फोरममा असहमति जनाई सकेको छ । केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला चर्चामा रहेको विषय अहिले यातायात संचालन गर्ने तयारीपछि फेरी चर्चामा छ । कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

परराष्ट्र मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गर्दै उक्त क्षेत्रमा हुने कुनै पनि गतिविधिप्रति असहमति जनाउँदै भारत र चीन दुवै पक्षलाई आफ्नो स्पष्ट अडान र सरोकार पुनः अवगत गराएको छ । विज्ञप्तिमा सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग रहेको उल्लेख गरिएको छ । विभिन्न सञ्चारमाध्यममा लिपुलेक भएर तीर्थयात्रा सञ्चालन हुने समाचार आएपछि सरकारले यस्तो स्पष्टिकरण दिएको छ । नेपालको अडान फेरिन सक्दैन भन्ने सन्देस दिएको छ ।

नेपालले लिपुलेक क्षेत्रमा आयोजना गरिने भनिएको मानसरोवर यात्राका सम्बन्धमा कूटनीतिक माध्यमबाट भारत र चीन दुवै पक्षलाई पत्राचार गरिसकेको छ । विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ ।'

मन्त्रालयका अनुसार लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराइसकिएको छ । नेपाल सरकारले यसअघि पनि लिपुलेक क्षेत्रमा सडक निर्माण, विस्तार, सीमा व्यापार र तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न भारत सरकारलाई निरन्तर आग्रह गर्दै आएको स्मरण गराएको छ। भारतको छिमेकीलाई नगन्ने प्रवृत्तिको नेपाली जनमानस भारत विरोध छ।

नेपाली भूमिमा नेपालको सहमतिबिना हुने यस्ता गतिविधिले सीमा समस्यालाई थप जटिल बनाउने सरकारको बुझाइ छ । नेपाल र भारतबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्मलाई ध्यानमा राख्दै ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान खोज्नुपर्नेमा नेपालले जोड दिएको छ । 'नेपाल सरकार ऐतिहासिक तथ्यका आधारमा सीमा विवादको समाधान कूटनीतिक माध्यमबाट गर्न सधैँ प्रतिबद्ध छ,' विज्ञप्तिमा उल्लेख छ । नेपालको संसदले सिमानालाई समेटेर नक्सा सार्वजनिक गर्ने र प्रयोग गर्दै आएको छाकेपी ओलीलाई सरकारबाट हटाउन पनि सिमाना अतिक्रमण गर्ने कदम विरुद्ध दह्रोसँग अडान लिएका कारण थियो । सरकारमा जो भएपनि सार्वभौमिकता, अखण्डताका लागि जनताको साथ र समर्थन रहन्छ भन्ने यसपटक पनि सबै दलको ऐक्यबद्धताले पुष्टि गरेको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शुभ यात्रा | तुला | अप्रत्यसित लाभ |
| वृष | स्वास्थ्यमा सुधार | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | आर्थिक समस्या | धनु | मानसिक तनाव |
| कर्कट | शत्रुको भय | मकर | सहयोग मिल्नेछ |
| सिंह | कार्यमा सफलता | कुम्भ | ब्यापारमा लाभ |
| कन्या | सत्कार मिल्नेछ | मीन | झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'माटोको स्वास्थ्य सुधार्न किसानका बारीमा पुगेर परीक्षण'

**पोखरापत्र संवाददाता**

तनहुँ, २१ बैशाख

जिल्लाको भीमाद नगरपालिकाले किसानको बारीमा पुगेर माटो परीक्षणको व्यवस्था मिलाएको छ।

माटोको स्वास्थ्य अवस्था नबुझी खेती गर्दै आइएकामा अब माटोको प्रकृतिअनुसार सन्तुलित मल र बाली छनोट गर्न सघाउ पुऱ्याउने उद्देश्यले प्राविधिक खटाइएको नगरप्रमुख दधिराज सुवेदीले जानकारी दिनुभयो।

नगरपालिका कृषि विकास शाखाको आयोजना तथा माटो परीक्षण प्रयोगशाला, गण्डकी प्रदेश पोखराको प्राविधिक सहयोगमा यसअघि माटो परीक्षण शिविरसमेत आयोजना गरिएको उहाँले बताउनुभयो। यही वैशाख १० र ११ गते आयोजना गरिएको शिविरमा नगरपालिकाका ५, ७, ८ र ९ वडाका १५० वटा नमुना परीक्षण गरिएको थियो।

माटो परीक्षणको रिपोर्ट आइसकेको र चाँडै नै किसानलाई प्राविधिकमार्फत थप परामर्श दिइने नगरप्रमुख सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "अन्धाधुन्ध रासायनिक मल प्रयोग गर्दा माटो बिग्रने र लगानी खेर जाने समस्या थियो । अब किसानले जमिनको आवश्यकता बुझेर मात्र मल हाल्न पाउनेछन् । यसले उत्पादन वृद्धि र माटोको स्वास्थ्य सुधारमा योगदान पुग्नेछ ।" प्रमुख प्रशासकीय अधिकृत शोभाखर पोखरेलले किसानको सहजताका लागि प्राविधिकलाई किसानको बारीमा खटाएर परीक्षणको व्यवस्था मिलाएको जानकारी दिनुभयो । यसअघि आयोजित शिविरमा प्राविधिक टोलीले माटोको अम्लियपन, नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा जाँच गरी सुधारका उपाय सिकाएको र सोहीअनुसार अब कृषि शाखाले आवश्यक सहजीकरण गर्ने उहाँले बताउनुभयो।

माटो परीक्षणबारे जानकारी पाएपछि किसानहरूलाई बाली छनोट र माटो कसरी सुधार्ने भन्नेबारे जानकारी हासिल हुने सूचना प्रविधि अधिकृत आशिष सुवेदीले जानकारी दिनुभयो।

# १० औं रारा पोखरा स्पोर्टस अवार्डलाई पोखरा एभेन्जर्सको साथ

**पोखरापत्र संवाददाता**

पोखरा, २१ बैशाख

आगामी बैशाखको ३१ गते पोखरामा आयोजना हुने १० औं रारा पोखरा स्पोर्टस अवार्डलाई पोखरा एभेन्जर्सले साथ दिने भएको छ। नेपाल प्रिमियर लिग एनपीएल अन्तर्गतको फ्रेन्चाइज टोली पोखरा एभेन्जर्सले पोखरा स्पोर्टस् अवार्डमा सहकार्य गर्ने भएको हो।

पोखरा एभेन्जर्सका सल्लाहकार पोषणमणी त्रिपाठी र पोखरा स्पोर्टस् अवार्ड मुल आयोजक समितिका संयोजक तथा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगर बीच सम्झौता पत्रमा हस्ताक्षर गरी पोखरा स्पोर्टस् अवार्डमा सहयोग गर्नेगरि सम्झौता भएको हो । पोखरा एभेन्जर्सले पोखरा सहरसँगै समग्र गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय स्तरमा खेलकुद तथा पर्यटन प्रवर्द्धन गर्ने प्रतिबद्धता सहित अगाडी बढिरहेदा खेलकुद पत्रकार मञ्च गण्डकीले विशुद्ध खेल क्षेत्रमा आधारित भइ आयोजना गर्न लागेको पोखरा स्पोर्टस् अवार्ड संग सहकार्य गर्न पाउदा खुसी लागेको पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले बताए । खेलाडीहरूको मनोबल उच्च बनाउने तथा समग्र खेलकुद क्षेत्रको विकासमा योगदान पुऱ्याउने उद्देश्यले पोखरा स्पोर्टस् अवार्डमा सहकार्य गरिएको उनको भनाइ रहेको थियो।

पोखरा स्पोर्टस् अवार्ड मुल आयोजक समितिका संयोजक तथा खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगरले खेलकुदलाई माया गर्ने सहयोगी हातहरुको साथकै कारण पोखरा स्पोर्टस अवार्ड १० औं संस्करण सम्म आइपुगेको बताउदै पोखरा एभेन्जर्सप्रति आभार प्रकट गरे।

आगामी वैशाख ३१ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा विभिन्न नौ विधामा अवार्ड प्रदान गरिदै छ ।

# सातै प्रदेशमा कृषि गणना गरिँदै

**रासस**

काठमाडौं, २१ बैशाख

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आन्तरिक जनशक्तिको प्रयोग गरेर तीन तहकै सरकारको सहभागितामा पहिलो पटक सातै प्रदेशमा कृषि गणना सञ्चालन गरेको छ।

सरकारले आफ्नो स्रोत र साधनको अधिकतम परिचालन गरी कृषि गणनालाई मितव्ययी बनाएको हो । गणकले प्रत्येक किसानको घरदैलोमा पुगेर प्राप्त गरेको सूचनाका आधारमा आधिकारिक तथ्याङ्क सङ्कलन गरेका छन् । किसानको सूचना प्राप्त गर्न मोबाइल र ट्याबलेटको प्रयोग गरिएकाले कृषि गणना कार्यक्रम प्रभावकारी बनेको पाइएको छ।

मन्त्रालयका वरिष्ठ तथ्याङ्क अधिकृत रामकृष्ण रेग्मीले गणनाबाट प्राप्त तथ्याङ्कका आधारमा कृषि क्षेत्रको विकासका लागि आवश्यक राष्ट्रिय नीति नियम बनाउन तथा त्यसलाई कार्यान्वयनमा लैजान सहयोग पुग्ने जानकारी दिनुभयो।

पहिलो चरणमा स्थानीय तहका कृषि प्राविधिक किसानको घरदैलोमा पुगेर कृषिमा कृषकको पहुँच, मलबिउको प्रयोग, मूल्य भण्डारणको संरचना, सिँचाइको प्रयोग, प्रविधिको प्रयोग, वित्तीय पहुँच, कृषि सेवा पहुँच, बिमा, कृषि पशुको उत्पादनको अवस्थालगायतका विषयमा प्रश्न सोधेर तथ्याङ्क सङ्कलन गरिने जनाइएको छ। दोस्रो चरणमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी कृषिको आधिकारिक तथ्याङ्क परिणाम निकालिने छ । महत्वाकांक्षी परियोजनाका रूपमा सञ्चालन गरिएको यो कार्यक्रममा मन्त्रालयले सुपरिवेक्षकलाई तालिम दिने र सुपरिवेक्षकले गणकलाई तालिम दिने व्यवस्था गरिएको छ।

दोस्रो चरणको काम सुरु गर्न पहिलो चरणको काम अनिवार्य सम्पन्न गर्नुपर्ने वरिष्ठ अधिकृत रेग्मीले जानकारी दिनुभयो।

# विद्युतबिहिन बन्दै १३ हजार उपभोक्ता

**पोखरापत्र संवाददाता**

स्याङ्जा, २१ बैशाख

१९ गते रातीदेखी विद्युत सेवा अवरुद्ध हुँदा स्याङ्जाका १३ हजार उपभोक्ता मर्कामा परेका छन्।

बुटवल पावर कम्पनीको वालिङ स्थित मिर्दी सबस्टेसनमा रहेको ट्रान्सफर्ममा समस्या आएपछि १३ हजार उपभोक्ता विद्युतीय सेवाबाट मर्कामा परेका हुन् । कम्पनीसगँ बैकल्पिक ट्रान्सफर्मर नहुँदा ३ दिनदेखी विद्युत सेवा ठप्प भएको छ।

मिर्दी सबस्टेसनमा रहेको ३३/११ केभी, ३ एमभिए क्षमताको ट्रान्सफर्मर गत वैशाख २० गते अचानक बिग्रिएको विपिसीले जनाएको छ । बिग्रिएको ट्रान्सफर्मर मर्मतगर्न झण्डै २५ दिन लाग्ने भएपछि विकल्पका लागि विद्युत प्राधिकरणसगँ सहयोग मागेको विपिसीले जानकारी दिएको छ। ग्राहकको विद्युत आपूर्ति सुचारु गर्न बिपीसीले प्राधिकरणसँग ३ एमभिएको ३/११ केभी ट्रान्सफर्मर अथवा ५ एमभिएको १ थान ट्रान्सफर्मर २५ दिनका लागि उपलब्ध गराइदिन अनुरोध गरेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तमकुमार श्रेष्ठले बताए।

लामो समय विद्युत आपुर्ति नहुँदा सेवाग्राहीमा समस्या हुने देखिएपछि विकल्पका लागि विद्युत प्राधिकरणसगँ नियमानुसार सहयोग मागेको श्रेष्ठले बताए । प्राधिकरणले ट्रान्सफर्मर उपलब्ध गराइदिएमा बुधवारसम्म विद्युत आपुर्ति हुने उनले बताए। विद्युत अवरुद्ध हुँदा वालिङ नगरपालिका, गल्याङ नगरपालिकाका केही वडा र भीरकोट नगरपालिकाका १३ हजार ग्राहक प्रभावित भएका छन् । गर्मी बढेसँगै खानेपानी, सञ्चार र उद्योग व्यवसायमा समेत असर परेको स्थानीयको गुनासो छ। विद्युत सेवा नभएपछि इलाका प्रशासन कार्यालय, वालिङ मालपोत कार्यालय, नापी कार्यालय लगायत तीन स्थानीय सरकारका काम समेत प्रभावित भएका छन् । सरकारी निकायसगैं साना उद्योगी व्यवसायी, खानेपानी, संचारक्षेत्र, बैक तथा वित्तिय संस्थाहरु समेत नराम्रोसगँ प्रभावित बन्न पुगेका छन्। ग्राहकले समयमै बिल नतिरे जरिवाना लिने बिपीसीले विद्युत सेवा लामो समय अवरुद्ध गर्दा जरिवाना हुन्छ को हुँदैन भन्दै नागरिकहरुले सामाजिक संजालमा प्रश्न गरेका छन् । विद्युत सेवा प्रभावित बनाउने कम्पनीलाई कारवाही गर्न मिल्ने वा नमिल्ने भन्ने बिषयमा न्याय दिने अधिकार विद्युत नियमन आयोगलाई दिएको छ । विद्युत नियमन आयोगले 'विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी नियमावली, २०७६' अनुसार वितरण कम्पनीले गुणस्तरीय र निरन्तर सेवा दिनुपर्ने शर्त छ। विद्युत नियमन आयोगमा सेवाग्राहीले उजुरी दिएमा त्यस्ता कम्पनीलाई छानविन गरी क्षतिपूर्ति वा जरिवाना गराउन सक्ने व्यवस्था रहेको छ। झण्डै ३ दिनदेखी विद्युत सेवा अवरुद्ध हुँदा विद्युत नियमन आयोगले समेत चासो नदेखाएको गुनासो स्याङ्जावासीको छ।

आयोगका सूचना अधिकारी हरी बहादुर खत्रीका अनुसार अहिले सम्म विपिसीले विद्युत अवरुद्ध भएको बिषय जानकारी गराएको वा नगराएको आफुलाई थाहा नभएको बताए । कुनै पनि कम्पनीले विद्युत सेवा अवरुद्ध हुँदा समयमै आयोगमा जानकारी दिनुपर्ने व्यवस्था छ । तर अहिले सम्म जानकारी दिएको वा नदिएको भन्ने बिषय सूचना अधिकारी खत्रीले भन्न सकेनन्।

यो बिषयमा विपिसीलाई कस्तो कारवाही हुन्छ भन्ने प्रश्नमा सूचना अधिकारी खत्रीले अहिले आयोगका पदाधिकारीहरु पदमुक्त भएको अवस्था रहेकाले भन्न नसकिने बताए । साच्चिकै विपिसीले उपभोक्तालाई मर्कामा पारेको रहेछ भने नियमानुसार कारवाही हुने उनले बताए।

# नेपाललाई तेक्वान्दोमा चार स्वर्ण पदक

**रासस**

काठमाडौं, २१ बैशाख

चीनको हाइनान ओपन अन्तरराष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा नेपाली खेलाडीले चार स्वर्ण जितेका छन्।

नेपाली टोलीका प्रशिक्षक इन्द्रराज खड्काका अनुसार भिजन तामाङले दुई स्वर्ण जितेका छन् । भिजनले व्यक्तिगत पुम्सेको १९ वर्षमुनि उमेर समूहमा स्वर्ण जितेका हुन् । उनले ४९ केजी तौल समूहमा अर्को स्वर्ण जित्न सफल भए । त्यस्तै आयुष बोहराले स्वर्णसहित कास्य पदक हात पारे । ब्रेकिङ इभेन्टमा स्वर्ण जितेका आयुशले व्यक्तिगत पुम्सेमा भने कास्यमा सीमित भए। सन्दीप बस्नेतले ब्रेकिङमा स्वर्ण प्राप्त गरे । प्रतियोगिता मे २ देखि ४ तारिखसम्म चीनको सान्यामा भएको हो।


# पेन्सन पट्टा हरायो

मिति २०८२/०६/२६ गतेका दिन शिशुवा देखि पेन्सन क्याम पोखरा जाने क्रममा मनबहादुर दर्जीको श्रीमती सुमित्रा दर्जी दुराको पेन्सन पट्टा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा खबर गरिदिनुहोला ।

नाम : Man bahadur Darjee

आर्मी नम्बर : ७४०३१

TS No.: C-34250

PPO No.: 234989400706

सम्पर्क नं.: ९७०३९३५८३२

निवेदक : Sumitra Darjee



# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, गैरागाउँ आरुवोट नमुना सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गैरागाउँ आरुवोट नमुना सडक स्तरोन्नती

ठेगानाः पोखरा-३३

योजना सम्झौता मिति : २०८२/१०/१३ गते

योजना सुरु हुने मितिः २०८२/१०/२० गते

योजना सम्पन्न मितिः २०८३/०१/२५ गते

योजनाको कुल लागतः रु. १६,८१,१३९.३१

महानगरपालिकाबाटः रु. १५,००,०००|-

जनसहभागिताबाटः रु. १,८१,१३९.३१

उपभोक्ता समिति अध्यक्षः कमल प्रसाद आचार्य

सम्पर्क नं.: ९८४६१३७६५८

उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**गैरागाउँ आरुवोट नमुना सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-३३**


# सार्वजनिक जग्गा संरक्षण गर्न बागलुङका सबै स्थानीय तहलाई परिपत्र

**पोखरापत्र संवाददाता**

बागलुङ, २१ बैशाख

जिल्ला प्रशासन कार्यालय बागलुङले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन जिल्लाका १० वटै स्थानीय तहलाई परिपत्र पठाएको छ।

कार्यालयले एक सूचना जारी गरी सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, अभिलेख व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणसम्बन्धी कार्यमा विशेष ध्यान दिन स्थानीय तहलाई आग्रह गरिएको जनाएको हो । नेपाल सरकार, गृह मन्त्रालयले सार्वजनिक जग्गा अतिक्रमण रोक्न तथा अवैध रूपमा निर्माण गरिएका घरटहरा हटाउन आवश्यक सुरक्षा प्रबन्ध मिलाउन निर्देशन दिएपछि जिल्ला प्रशासन कार्यालयले स्थानीय तहलाई सक्रिय बनाउन परिपत्र गरेको हो । यसअघि विभिन्न मितिमा निर्देशन जारी गरिए पनि कार्यान्वयन प्रभावकारी नभएको भन्दै पुनः ध्यानाकर्षण गराइएको कार्यालयले जनाएको छ । पत्रअनुसार सरकारी तथा सार्वजनिक जग्गामा भएका अतिक्रमण हटाउने, अभिलेख अद्यावधिक गर्ने र व्यवस्थापनलाई व्यवस्थित बनाउने कार्यमा स्थानीय तह तथा सरोकार भएका निकायलाई सक्रिय हुन आग्रह गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालका अनुसार अतिक्रमित जग्गामा निर्माण गरिएका घरटहरा हटाउने काममा स्थानीय तहले पहल गर्ने र त्यसमा प्रशासनले शान्ति सुरक्षाको व्यवस्था गर्नेछ।

# उपल्लो मुस्ताङमा देखिए जङ्गली गधा

**रासस**
मुस्ताङ, २१ बैशाख



नेपाल-चीन उत्तरी सीमाक्षेत्रअन्तर्गत उपल्लो मुस्ताङको लोमान्थाङ-१ ढालुङ र सेतारा माथिको चरन क्षेत्रमा ठूलो सङ्ख्यामा जङ्गली गधा (क्याङ) देखापरेका छन् ।

समून्द्री सतहभन्दा करिब पाँच हजार मिटर उचाइको लोमान्थाङ गाउँपालिकास्थित धालुङ उच्चलेक र सेतारा लेकमा जङ्गली गधा (क्याङ) चर्दै गरिहेको अवस्थामा भेटिएका हुन् । जङ्गली गधा (क्याङ) सम्बन्धी अध्ययन गरिरहेका एक्याप लोमान्थाङ कार्यालयका प्रमुख उमेश पौडेलले लोमान्थाङस्थित धालुङ र सेतारा उच्चलेकमा जङ्गली गधा क्याङ चर्दै गरिरहेको अवस्थामा भेटिएको बताउनुभयो ।

कोरलास्थित नेपाल–चीन सीमा क्षेत्रबाट फर्किँदै गरेको अवस्थामा धालुङ र सेतारा उच्चलेकमा जङ्गली गधाहरूको बथान चर्दै गरेको अवस्थामा देखिएको प्रमुख पौडेलले बताउनुभयो । आफूले लोमान्थाङको धालुङ उच्चलेकमा १०२ वटा र सोही स्थानको अर्को सेतारा उच्चलेकमा १४ वटा गरी ११६ वटा जति जङ्गली गधा (क्याङ) देखेको जानकारी दिनुभयो। उहाँका अनुसार जङ्गली गधाको बासस्थान हिमायन ट्रान्स हिमालयन (तिब्बत/मुस्ताङ) क्षेत्रमा रैथान संयुक्त बासस्थान रहेको बताइन्छ । दुर्लभ स्तनधारी जङ्गली गधा (क्याङ)को मौसम अनुसार बासस्थान तय हुने प्रमुख पौडेलको भनाइ छ । हिउँदयामको आठ महिना तिब्बती पठारमा बर्खायाममा गर्मी सुरु हुँदा चार महिना उपल्लो मुस्ताङ क्षेत्रको उच्चलेकमा बासस्थान बनाउने गरेको प्रमुख पौडेलले बताउनुभयो । तिब्बतको पठारमा बढी समय बिताउने जङ्गली गधाहरू अप्रिल, मे र जुन महिनामा बासस्थान परिवर्तन गरी उपल्लो मुस्ताङका उच्चलेकमा प्रवेश गर्छन् । तिब्बत र मुस्ताङको सीमा क्षेत्रमा बस्ने जंगली गधाहरू बढी समय तिब्बती पठारमा बिताउँछन्।चीनसँगसिमानाजोडिएको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाको सीमाक्षेत्रको चरन क्षेत्रमा मौसमअनुसार जङ्गली गधाको सङ्ख्या देखिने गरेको छ । यसअघि 'क्यामेरा ट्यापिङ' गरी प्राविधिक रूपमा जङ्गली गधाको सङ्ख्या यकिन गर्ने गरिएको भए पनि यति ठूलो सङ्ख्यामा पहिलो पटक देखिएको हो । यसअघि सन् २००४ मा गरिएको जङ्गल गधाको अध्ययनमा उपल्लो मुस्ताङमा ३७ वटा सङ्ख्या देखापरेका थिए। जलवायु परिवर्तनका कारण यस प्रकारका जङ्गली गधाहरू मौसमअनुसार तलमाथि गर्ने गर्छन । यो याममा उपल्लो मुस्ताङका सीमावर्ती उच्चलेकमा हरियो घाँस पलाइसकेकाले जङ्गली गधाहरू आहारको खोजीमा नेपाल प्रवेश गरेका हुन् । जङ्गली गधाको शरीर खैरो/हरियो रातो र पेटतिरको भाग सेता रङ्ग हुन्छ । यसका खुट्टाहरू लामो लामो र सिधा उभिने शैलीको छिटो कुद्न सक्ने क्षमता राख्दछ । जङ्गली गधा एसियाकै सबैभन्दा ठूलो स्तनधारी प्राणी हो ।

समूहमा बस्ने, छिटो छिटो कुद्ने र सतर्क रहने जङ्गली गधाको मुख्य विशेषता हो । जङ्गली गधाका लागि जलवायु सङ्कट र मानव गतिविधि मुख्य चुनौतीका रूपमा लिने गरिएको छ।

# भैँसीगोठमा पूर्णबहादुरका ५७ वर्ष

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ बैशाख



यहाँको धवलागिरि गाउँपालिका-४ खाम्लाका पूर्णबहादुर जैसीलाई १८ वर्षको हुँदा भैँसीको घुम्तीगोठ लिएर लेकबेँसी गर्नुपर्ने जिम्मेवारी आइलाग्यो ।

नुन लिन बेनी आएको समयमा साथीहरूसँगै भर्ती हुने रहरले भारतीय सैनिक छनोटमा भाग लिन पुग्नुभएका ७४ वर्षीय पूर्णबहादुर दुई सय युवामध्ये छिटो दौडिएर छनोट पनि हुनुभएको थियो । "हामी किशोर हुँदा भारतीय गोर्खा सैनिकमा भर्ती गराउन गाउँगाउँमा युवा खोज्दै आउँथे, म पनि गलेश्वरमा देखिँदा छनोट भएर पनि पल्टन नगएपछि सैनिक बोर्डका मान्छे तीन महिनापछि खोज्दै घरमै आएका थिए", उहाँले भन्नुभयो, "हजुरबुबा र बुबाले सेनाको जागिरभन्दा भैँसी पाल्दा राम्रो हुने भनेर गोठको जिम्मा लगाएपछि नकार्न नसकेर जङ्गल पसेँ ।" पण्डित र ज्योतिष पेसा गर्नुहुने हजुरबुबा वसन्तले पूर्णबहादुरलाई भैँसीको जिम्मा लगाउँदा व्यवसाय फस्टाउने सुझाएपछि परिवारले सोही निर्णय गरेको उहाँले स्मरण गर्नुभयो । भारतीय गोर्खा सैनिकमा भर्ती हुन नपाएकामा पूर्णबहादुरलाई पछुतो भने छैन । "हजुरबुबाले अनुमान गरेको जस्तै एउटा पाडोबाट सुरु गरेको घुम्तीगोठमा भैँसीको सङ्ख्या ३६ वटासम्म पुग्यो", पूर्णबहादुरले भन्नुभयो, "भैँसी, राँगा, पाडापाडी र घ्यू बेचेरै घरव्यवहार चलाएँ, खेतबारी जोडेँ, चार छोराछोरीलाई पढाएँ, ठाउँमा पुर्‍याएँ ।" विसं २०२५ देखि घुम्तीगोठमा भैँसीपालन सुरु गर्नुभएका पूर्णप्रसाद गत पुसदेखि स्वास्थ्य र बुढ्यौलीका कारण भैँसी बेचेर मालिका गाउँपालिका-७ बिम खारामा रहेको जेठी छोरी माया शर्माको घरमा बस्न थाल्नुभएको छ ।

सुरुमा १३ वटा भैँसीलाई एक हजार ५०० रुपैयाँमा बिक्री गर्नुभएका पूर्णप्रसादसँग घुम्तीगोठ लिएर भैँसीसँगै बर्खामा हिमाल फेदीका बुकी र हिउँदमा बेँसी गर्दाका रमाइला र दुःखका अनुभूतिहरू छन् । पछिल्लोपटक एउटा भैँसीलाई ८५ हजार रुपैयाँसम्ममा बिक्री गरेको उहाँले बताउनुभयो ।

जङ्गलमा जान नसक्ने र वन्यजन्तुले आक्रमण गर्ने साना पाडापाडीको स्याहारसुसार गर्नेदेखि दूध दुहुने, मोही पारेर घ्यू बनाउने काममा बिहानदेखि साँझसम्म व्यस्त हुनुपर्दा तीन वर्षमा घरपरिवारसँग भेट भएको पूर्णबहादुरले सम्झनुभयो । हिउँ परेको अवस्थामा भैँसी र पाडापाडीको स्याहारसुधार तथा आहारा व्यवस्थापनका लागि दुःख भएको उहाँको भनाइ छ ।

वार्षिक दुई सय लिटरसम्म घ्यू बिक्री गर्नुभएका उहाँ असोज कात्तिकमा पोषिलो घाँस प्रशस्त पाइने र बुकीमा मौसम सफा हुँदा मनमोहक दृश्यले फुरुङ्ग पर्ने गर्नुहुन्थ्यो । एकपटक जिरवाङ, सिमकोश, धुरीखर्क, हिले, बगर हुँदै धवलागिरि हिमालको फेदीमा रहेको बुकीसम्म गोठ लगेर पुगेका पूर्णबहादुरको गोठमा एकैपटक ब्वाँसोले आक्रमण गरेर ११ वटा भैँसी मारिदिएको अझै बिर्सनुभएको छैन । गोठको सुरक्षाका लागि कम्तीमा दुईवटा भोटे कुकुर पाल्ने गर्नुभएको थियो । गाउँअनुसार चरन क्षेत्र बाँड्ने भएकाले लेकमा अन्य गोठालाहरूसँग कमै भेटघाट हुन्थ्यो । घुम्तीगोठका लागि आवश्यक खाद्यान्न समयसमयमा परिवारका सदस्यहरूले जङ्गलमै पुर्‍याइदिन्थे । रेडियो र मोबाइल साथी हुन् । पूर्णबहादुरले पछिल्लो समय बुकी र चरन क्षेत्रमा अनावश्यक काँडाधारी वन तथा झारपात फैलिन थालेको अनुभव सुनाउनुभयो ।

पछिल्लो समय बसाइँसराइका कारण खेतबारी बाँझिएकाले गाउँ वरपर पनि व्यवस्थित रूपमा भैँसीपालन गर्न सकिने सम्भावना रहेको पूर्णबहादुरको सुझाव छ । विदेशमा गर्ने दुःख आफ्नै गाउँठाउँमा गर्न सकेमा स्वरोजगारका साथै आत्मनिर्भर भइने उहाँको सुझाव छ ।


## संस्थाको नाउँमा रहेको गैह्रबैंकिङ सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको १५ दिने सार्वजनिक सूचना

**दोश्रो प्रकाशित मिति: २०८३।०१।२२ गते**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३, को नाउँमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ती सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोल पत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ औं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र संस्थाको कार्यालय पोखरा १३ कुँडहर स्थित कार्यालयमा उपस्थित हुन समेत ईच्छुक खरिदकर्ता, बोलपत्रवाला तथा सम्बन्धित सबैलाई सूचित गरिन्छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । बिक्री गरिने अचल सम्पत्तिको बिस्तृत विवरण तपसील बमोजिम उल्लेख गरिएको छ ।

| क्र.सं. | जग्गाधनिको नाम | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ७० | २७४.४० वर्ग मि. | पोखरा-१०, कास्की | मिति २०८२/०१/०४ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| २. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३६९ | १-१०-०-०/ ८२६.६४ वर्ग मी. | मझ्खिान-२, कास्की (हाल पोखरा-२१, कास्की) | मिति २०८०/११/२४ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ३. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४३ | १-२-०-०/ ५७२.३३ वर्ग मी. | जामुने-८, तनहुँ (हाल, म्याग्दे गा.पा.-२ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ४. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४१ | १-९-२-०/ ८१०.८० वर्ग मी. | जामुने-८, तनहुँ (हाल, म्याग्दे गा.पा.-२ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ५. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २९३७ | १-४-०-०/ ६३५.९० वर्ग मी. | कर्लुङ्ग-६, तनहुँ (हाल, व्यास न.पा.-१ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ६. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २९५४ | ०-४-०-०/ १२७.१६ वर्ग मी. | कर्लुङ्ग-६, तनहुँ (हाल, व्यास न.पा.-१ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ७. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २९५८ | ०-६-०-०/ १९०.७४ वर्ग मी. | कर्लुङ्ग-६, तनहुँ (हाल, व्यास न.पा.-१ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ८. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २९५९ | ०-८-०-१/ २५६.३१ वर्ग मी. | कर्लुङ्ग-६, तनहुँ (हाल ,व्यास न.पा.-१ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ९. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २९५६ | ०-४-०-०/ १२७.१६ वर्ग मी. | कर्लुङ्ग-६, तनहुँ (हाल, व्यास न.पा.-१ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| १०. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २९५२ | ०-४-२-०/ १४३.०६ वर्ग मी. | कर्लुङ्ग-६, तनहुँ (हाल, व्यास न.पा.-१ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ११. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | २९५३ | ०-४-०-०/ १२७.१६ वर्ग मी. | कर्लुङ्ग-६, तनहुँ (हाल, व्यास न.पा.-१ तनहुँ) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| १२. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ६४७३ | ०-८-०-०/ २५४.३२ वर्ग मी. (३४०८ वर्ग फिटमा बनेको २१/२तला आर.सि.सि. घर समेत) | पोखरा-३०, गगनगौंडा, कास्की (पृथ्वी राजमार्गबाट ५० मिटर भित्र) | मिति २०८०/११/२२ मा लिलाम सकार दाखिला खारेज भई आएको |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र दस्तुर रु १,०००/- (फिर्ता नहुने) बुझाई बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. कुनै पनि अवस्थामा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
८. उक्त बिक्रीमा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क (पुँजिगत लाभकर बाहेक) खरिद गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।
९. उल्लेखित सम्पत्ति लिइ सकेपछि सो को सम्पूर्ण जवाफ देही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१०. बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै बोलपत्रको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
११. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१२. थप जानकारीका लागी मोवाईल नम्वर ९८५६०३४६६५ र ९८५६०२११२६ मा सम्पर्क गर्न आग्रह गरिन्छ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८३/०२/०५ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा-१३ वडा कार्यालय अगाडि)<br>समयः बिहान १०:०० बजेदेखि बेलुका ०४:०० बजेसम्म | मितिः २०८३/०२/०६ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा-१३ वडा कार्यालय अगाडि)<br>समयः ०१:३० बजे दिउँसो |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७**
Email : ccsccltd@gmail .com